जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २९० २०८२ साल असार ११ गते बुधबार (25 June 2025 Wednesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

यस अंक भित्र : २ पृष्ठमा : 'अधिकतम नतिजा निकाल्ने ... ३ पृष्ठमा : बजेट सक्दो सन्तुलित ... ३ पृष्ठमा :इरान-इजरायल युद्ध : ...

## कर्मचारीको धर्ना जारि

# नगरपालिकाको आपसी विवादले ४२ वटा सामुदायिक विद्यालय संचालन एवं व्यवस्थापनमा असर



"Educate, Empower, Excel: Principals Of Nepal Leading the way"

PRINCIPALS ASSOCIATION OF NEPAL

Local Committee, Rajbiraj Municipality, Saptari

मिति २०८२।३।१०

विषय : ध्यानाकर्षण सम्बन्धमा ।

श्रीमान् प्रमुख जिल्ला अधिकारी ज्यू,
जिल्ला प्रशासन कार्यालय, सप्तरी।

उपर्युक्त सम्बन्धमा राजविराज नगरकार्यपालिका राजविराजमा विगत केहि दिन देखि आपसी विवादका कारण दैनिक प्रशासनीक लगायतका सम्पूर्ण कामकाजहरु ठप्प रहेको व्यहोरा सर्वविदिते छ।

आर्थिक वर्षको अन्तमा यसरी दैनिक प्रशासनिक, आर्थिक लगायतका कामकाजहरु अवरोध हुँदा सामुदायिक विद्यालयहरुमा प्रवाह हुने विभिन्न प्रकारका निकासाहरु भुक्तानी हुन कठिनाइ हुन गएको छ। साथै यस नगरपालिकाका कार्यालयबाट दिइने सेवाहरु पनि ठप्प भइ आमनागरिकहरु व्यापक मार्कामा परेका छन्। त्यसैगरी यस नगरपालिका भित्र रहेका ४२ वटा सामुदायिक विद्यालयहरुको समयमा पाठ्यपुस्तक, छात्रवृति, दिवाखाजा, तलबभत्ता लगायत अन्य विभिन्न महत्वपूर्ण निकासाहरु समयमा नहुने/नसक्ने अवस्था देखिएकोले विद्यालयमा अध्ययनरत बालबालिकाहरुको पठनपाठन लगायत विद्यालय सन्चालन एवम् व्यवस्थापन कार्यमा ठूलो असर पर्ने अवस्था देखिएको छ।

अत: वर्तमान र सम्भावित सम्पूर्ण समस्याहरुको निराकरणकालागि अविलम्ब यस नगरपालिकाको नियमित कामकाजहरु सुचारु हुनु पर्ने प्रधानाध्यापकहरुको सामुहिक ठहर छ र यस कार्यमा यहाँको सहयोग/ पहलकदमीको अपेक्षाका साथ यो ध्यानाकर्षण पत्र बुझाएका छौं।

भवदीय
राजविराज नगरपालिकाका सामुदायिक विद्यालयका सम्पूर्ण प्र.अ.हरु सम्मिलित
राजविराज नगरकार्य समिति
(प्रधानाध्यापक संघ,नेपाल)



**दैनिक समाचारदाता**
**राजविराज, १० असार ।**

प्रधानाध्यापक संघ नेपालले राजविराज नगरकार्यपालिमा विगत केही दिनदेखी आपसी विवादका कारण दैनिक प्रशासनिक लगायतका सम्पूर्ण कामकाजहरु ठप्प रहेको भन्दै प्रमुख जिल्ला अधिकारीलाई ध्यानाकर्षण गराएको छ।

राजविराज नगरपालिकाका सामुदायिक विद्यालयका सम्पूर्ण प्रअहरु सम्मिलित राजविराज नगरकार्य समिति प्रधानाध्यापक संघ नेपालले मंगलबार एक विज्ञप्ति जारि गर्दै नगरपालिका भित्र रहेका ४२ वटा सामुदायिक विद्यालयहरुको समयमा पाठ्यपुस्तक, छात्रवृती, दिवाखाजा, तलबभत्ता लगायत अन्य विभिन्न महत्वपूर्ण निकासाहरु नहुने/नसक्ने अवस्था देखिएकोले विद्यालयमा अध्ययनरत बालबालिकाहरुको पठनपाठन लगायत विद्यालय सञ्चालन एवम् व्यवस्थापन कार्यमा ठूलो असर पर्ने अवस्था देखिएको उल्लेख छ।

आर्थिक वर्षको अन्तमा यसरी दैनिक प्रशासनिक, आर्थिक लगायतका कामकाजहरु अवरोध हुँदा सामुदायिक विद्यालयहरुमा प्रवाह हुने विभिन्न प्रकारका निकासाहरु भुक्तानी हुन समेत कठिनाई भएकोले त्यसतर्फ गम्भिर हुन सबैमा आग्रह गरिएको छ।

"नगरपालिकाका कार्यालयबाट दिइने सेवाहरु पनि ठप्प भई आमनागरिकहरु व्यापक मर्कामा परिरहेको जनाउँदै विज्ञप्तिमा वर्तमान र सम्भावित सम्पूर्ण समस्याहरुको निराकरणका लागि नगरपालिकाको नियमित कामकाजहरु सूचनारु हुनु पर्ने प्रधानाध्यापकहरूको सामुहिक ठहर रहेको छ।" विज्ञप्तिमा यस कार्यमा पहलकदमीका लागि जिल्ला समन्वय समिति, राजविराज नगरपालिकाका कावा नगरप्रमुख र नेपाल पत्रकार महासंघलाई बोधार्थ समेत गरिएको छ।

यसैबीच राजविराज नगरपालिकाका कर्मचारीहरुले मंगलबार पनि धर्ना कार्यक्रमलाई निरन्तरता दिएका छन्। नेपाल नगरपालिका कर्मचारी एशोसिएशन ईकाइ समिति राजविराज नगरपालिकाका अध्यक्ष कल्पना देवको नेतृत्वमा सो धर्नालाई निरन्तरता दिइएको हो।

गत जेठ २७ गते कर्मचारीहरु बारुणयन्त्रको छेउमा उभिरहेको बेला पूर्वग्राही तथा सुनियोजित रुपमा आफूसहित लेखा अधिकृत शत्रुधनलाल दास र शहरी स्वास्थ्य क्लिनिकका अहेव संतोष कुमार दास माथि संघातिक आक्रमण आक्रमण, कुटपीट र लुटपाट घटनाका पीडितहरुले न्याय पाउनुपर्ने कर्मचारीहरुको माग छ।

घटनाले सम्पूर्ण कर्मचारीहरु असुरक्षित भएको हुँदा पीडितलाई न्याय, दोषीलाई कानून वमोजिम कारवाही, सुरक्षाको प्रत्याभुति र सहज वातावरण नबने सम्म अत्यावश्यक सेवामा खटिएका बाहेकका कर्मचारीहरु काममा नफर्किने पुरानै माग सहित नगरपालिकाको मुल गेटमै कर्मचारीहरु धर्नामा बस्दै आएका छन्।

## विमानस्थलमा अलपत्र परेका यात्रु उड्न थाले

काठमाडौं, १० असार (रासस)।

खाडी मुलुकका उडान रद्द भएपछि सोमबार रातिदेखि त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा अलपत्र परेका यात्रु उडान सञ्चालन भएसँगै गन्तव्यतर्फ उड्न थालेका छन्।

सोमबार राति ११:३० बजे कतारको दोहा उड्न लागेको नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को विमान कतारको विकसित परिस्थितिका कारण उडान रद्द भएपछि यात्रु विमानस्थलमा नै अलपत्र परेका थिए।

यस्तै, हिमालय एयरलाइन्सको विमानको कतार उडान पनि रद्द हुँदा धेरै सङ्ख्यामा यात्रु अलपत्र परेका थिए। इरानले कतारमा आक्रमण गरेपछि खाडी मुलुकका उडान रद्द भएका थिए। कतारको 'एयरस्पेस ओपन' भइसकेकाले गएराति रद्द भएका उडानका यात्रु मंगलबार गन्तव्यतर्फ जान थालेको विमानस्थल कार्यालयले जनाएको छ। गएराति रोकिएका उडान मंगलबार मध्याह्न १२ बजेका लागि तय गरिएको छ।

विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाका अनुसार गएराति नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्सको कतार गन्तव्यको उडान रद्द भएको थियो। जसका कारण गन्तव्यमा हिँडेका सयौं यात्रु विमानस्थलमै अलपत्र परेका थिए। कतारबाट काठमाडौं आउने विमानको उडान पनि मंगलबार रद्द भएको छ। बिहान ८ बजेका लागि काठमाडौं आइपुग्नुपर्ने विमान कतारले रद्द गरेको बताइएको छ।

महाप्रबन्धक निरौलाले कतारले आफ्नो आकाश खुला

*बाँकी अन्तिम पृष्ठमा*

# एसपी खतिवडाको कार्यकालमा चार सय ४ फरार प्रतिवादी पक्राउ, एक सय १ वर्ष १० महिना १० दिन कैद भुक्तानका लागि कारागार चलान

**दैनिक समाचारदाता**
**राजविराज, १० असार ।**

सप्तरीका प्रहरी प्रमुख ढकेन्द्र खतिवडाको सप्तरी बसाइका कममा अवैध गाँजा नियन्त्रणदेखी अदालतबाट कैद सजाय तोकिएर फरार प्रतिवादी पक्राउ गरिएको छ।

मंगलबार जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी एवं प्रवक्ता जितेन्द्र कुमार बस्नेतले एक विज्ञप्ति जारि गर्दै एसपी खतिवडाको कार्यकालमा सम्पादन गरिएको महत्वपूर्ण एवम् उपलब्धिपूर्ण कार्य सार्वजनिक गर्दै सो कुरा उल्लेख छ।



एसपी खतिवडाको कार्यकालमा अवैध लागूऔषध गाँजा ६ हजार ६ सय ६६ किलो ९२० ग्राम, अवैध अन्य लागूऔषध ८ सय ७२ पिस, ब्राउन सुगर १.४ ग्राम नियन्त्रणमा लिएको, संलग्न ३५ जना पक्राउ गरि ३१ जनालाई लागूऔषध विरुद्ध मुद्दा चलाएको प्रहरी प्रवक्ता डिएसपी बस्नेतद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ।

यसैगरी ४ सय ४ जना फरार प्रतिवादी पक्राउ गरि सप्तरी जिल्ला अदालतमा पेश गरि २६ लाख ६१ हजार २ सय ५२ जरिवाना असुल तथा १ सय १ वर्ष १० महिना १० दिन कैद भुक्तानका लागि कारागार चलान गरिएको, अवैध भन्सार चोरी निकासी २ करोड ५८ लाख ६४ हजार ३० रुपैयाँ बराबरको सामान तथा सवारी साधन नियन्त्रणमा लिइ भन्सार कार्यालयमा दाखिला गरिएको र लागूऔषध तर्फ सवारी साधन १३ बटा र अवैध भन्सार चोरी निकासी तर्फ ४६ वडा सवारी नियन्त्रण लिएको विज्ञप्तिमा जनाएको छ।

स्थानीय तहहरुको सहकार्यमा जुनियर प्रहरी

*बाँकी अन्तिम पृष्ठमा*

## सप्तरी महिला प्राइड लिग २ हुने

**दैनिक समाचारदाता**
**राजविराज, १० असार ।**

राजविराज मेयर कप अन्तरगत सप्तरी महिला प्राइड लिग सिजन २ असार ११ देखी प्रारम्भ हुँदैछ। स्थानीय पवि मावि खेल मैदानमा शुरु हुने प्रतियोगितामा तीन वटा टीमको सहभागिता रहने सप्तरी क्रिकेट संघका अध्यक्ष

*बाँकी दुई पृष्ठमा*

**स्वच्छ सहर – स्वस्थ्य सहर**

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय समयमा मर्मत सम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं, जथाभावी नफालौं,
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट विरुवा तथा फूलको संरक्षण गरौं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- ध्वनि र वायु प्रदूषण कम गरौं,
- सडकको समय समयमा मर्मत संभार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं,

"सहरलाई सुन्दर बनाऔं"

नेपाल सरकार
विज्ञापन बोर्ड

# चालु पुँजीकर्जा मार्गदर्शन संशोधन

काठमाडौँ, ९ असार (रासस) ।

नेपाल राष्ट्र बैंकले ‘चालू पुँजीकर्जासम्बन्धी मार्गदर्शन, २०७९’ मा संशोधन गर्दै बैंक तथा वित्तीय संस्थाले मार्गदर्शनद्वारा तोकिएकोभन्दा बढी सीमामा प्रवाह गरेको कर्जा असुलीका लागि समय थप गरेको छ ।

उक्त मार्गदर्शनले तोकेको सीमाभन्दा बढी कर्जा प्रवाह भएको अवस्थामा त्यस्तो रकमलाई यही असार मसान्तसम्म अर्धवार्षिक रूपमा भुक्तानी हुनेगरी आवधिक कर्जा शीर्षकमा मिलान गर्नुपर्ने व्यवस्था रहेकामा त्यसलाई संशोधन गरी विसं २०८४ असार मसान्तसम्ममा भुक्तान हुनेसक्ने व्यवस्था ल्याइएको हो ।

“चालू पुँजीकर्जासम्बन्धी मार्गदर्शन लागू भएको मिति २०७९ कात्तिक १ गते पूर्वप्रवाह भएका चालु पुँजीकर्जालाई यस मार्गदर्शनअनुसार पहिलो पटक पुनरावलोकन वा नवीकरण गर्दा ताकिएको सीमाभन्दा बढी प्रवाह भएका कर्जामध्ये भुक्तानी हुन बाँकी रकमलाई समान आवधिक किस्ता कायम गरी २०८४ असार मसान्तसम्ममा भुक्तान हुनेगरी तालिका निर्धारण गरी असुलउपर गर्नुपर्नेछ”, संशोधित मार्गदर्शनमा भनिएको छ ।

यसमा यसअघि कायम रहेको कर्जा नोक्सानी व्यवस्था रकम कर्जा नियमित नभएसम्म फिर्ता अर्थात् ‘राइट ब्याक’ गर्न पाइने छैन । यसरी गरिएको कर्जा समायोजनलाई कर्जा वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्थाको प्रयोजनका लागि पुर्नतालिकीकरण वा पुनःसंरचना नमानिने पनि राष्ट्र बैंकले जनाएको छ ।

त्यस्तै, चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ मा राखिएको भेरियन्ससम्बन्धी व्यवस्था विसं २०८३ साउन १ गतेदेखि मात्र लागू हुनेछ जनाइएको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# ‘अधिकतम नतिजा निकाल्ने उद्देश्यका साथ बजेट प्रस्तुत’

काठमाडौँ, १० असार (रासस) ।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले यथार्थमा उभिएर अधिकतम नतिजा निकाल्ने उद्देश्यका साथ आगामी आर्थिक वर्षको बजेट प्रस्तुत भएको बताउनुभएको छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा विनियोजन विधेयक, २०८२ अन्तर्गत अर्थ मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उहाँले स्रोत र खर्च व्यवस्थापनमा यथार्थपरक भएर बजेट विनियोजन भएको स्पष्ट पार्नुभयो ।

“छलाङ मार्ने नाममा दुर्घटनामा पर्ने जोखिम र यथास्थितिमा रमाउने सोच बजेटले लिएको छैन”, अर्थमन्त्री पौडेलले भन्नुभयो, “यथार्थतामा उभिएर आजको परिस्थितिमा अधिकतम नतिजा निकाल्ने उद्देश्यले बजेट प्रस्तुत भएको छ ।” उहाँले बजेटलाई यथार्थपरक र नीतिगत सुधारमा आधारित बजेटका रूपमा लिन आग्रह गर्नुभयो ।

शिथिलतामा रहेको अर्थतन्त्रलाई क्रमशः चलायमान हुँदै गइरहेको जनाउँदै उपप्रधानमन्त्री पौडेलले अर्थतन्त्रका समग्र परिसूचकमा सकारात्मक सुधार भइरहेको बताउनुभयो । प्रस्तुत बजेटको प्रभावकारी कार्यान्वयनबाट ६ प्रतिशतको आर्थिक वृद्धि हासिल सम्भव भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, “आर्थिक वृद्धिको लक्ष्य सम्भव छ । लक्ष्य सामर्थ्यको सीमाभित्र छ ।”

विधि निर्माण र विकास निर्माणमा जनप्रतिनिधिको महत्वपूर्ण भूमिका रहेको औँल्याउँदै उहाँले जनतासँग गरेका प्रतिबद्धता पूरा गर्न यी दुवै साझा जिम्मेवारी भएको भन्नुभयो । विकासका आयोजनामा देखिएका समस्या समाधानका लागि सार्वजनिक खरिद ऐन संशोधनको तयारी भइरहेको उहाँले स्पष्ट पार्नुभयो ।

पुँजीगत खर्चको आकार घटाउने र साधारण खर्चको आकार बढाउने प्रवृत्तिलाई रोक्नुपर्ने आवश्यकता औँल्याउँदै अर्थमन्त्री पौडेलले आगामी आवमा पुँजीगत खर्चमा उल्लेख वृद्धिको प्रस्ताव गरिएको स्पष्ट पार्नुभयो । “चालु आवको तुलनामा पुँजीगत खर्चतर्फ १७ प्रतिशत बढी विनियोजन गरिएको छ, अनिवार्य दायित्वका रूपमा रहेको चालु खर्चमा सामान्य वृद्धि छ, तर पुँजीगततर्फ उल्लेख्य वृद्धि भएको छ । आगामी दिनमा यस अभ्यासलाई बलशाली बनाउँदै लैजानुपर्छ,” उहाँले भन्नुभयो ।

आर्थिक क्रियाकलापलाई प्रोत्साहित गर्दै करका दायरालाई फराकिलो बनाउने नीति सरकारले लिएको जनाउँदै उहाँले कर कानुनमा सामूहिक सुधार र सरलीकरण गरी स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्ने सरकारको नीति रहेको स्पष्ट पार्नुभयो । “करदातामैत्री, पारदर्शी स्वचालित राजस्व प्रणालीको विकासमा बजेटले जोड दिएको छ”, उहाँले भन्नुभयो, “राजस्व प्रशासनको क्षमता अभिवृद्धि गरी राजस्व चुहावट नियन्त्रण गर्ने तथा गैरकर राजस्वलाई लागत प्रभावी हुनेगरी परिचालन गर्ने बजेटको ध्येय छ ।”

उपप्रधानमन्त्री पौडेलले उखु किसानका लागि अनुदानको व्यवस्था गरिएको बताउनभुयो । “अनुदानलाई पारदर्शी बनाउन एकीकृत राष्ट्रिय अनुदान नीति आवश्यक छ, राष्ट्रिय योजना आयोगबाट तर्जुमा हुने सो नीतिअनुसार अनुदानको सीमा निर्धारण गरिनेछ”, उहाँले भन्नुभयो ।

निर्माण व्यवसायीको बाँकी भुक्तानी गर्न चालु आवमा सरकारले अत्यधिक लचकता र सहजीकरण गरेको र आगामी आवमा विगतमा देखिएका समस्या नदोहोरिने गरी काम गरिने अर्थमन्त्रीको भनाइ छ । कृषिको आधुनिकीकरण, उत्पादनशील क्षेत्रको प्रवर्द्धन गरी आन्तरिक रोजगारी बढाइने उल्लेख गर्दै उहाँले वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाई यसबाट प्राप्त लाभलाई उत्पादन वृद्धिमा परिचालन गरिने बताउनुभयो ।

अर्थमन्त्री पौडेलले सुनका गहनामा लगाइएको विलाशिता करले यस व्यवसायमा देखिएको अवैध कारोबार नियन्त्रण हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, “यो अप्रत्यक्ष कर भएको हुनाले सुनका व्यवसायीले नभई उपभोक्ताले तिर्ने हो । यसको कार्यान्वयनबाट सुनमा देखिएको अवैध कारोबार नियन्त्रण गरी पारदर्शिता आउनेछ ।”

# भिजिट भिसाबारे गठित उच्चस्तरी छानविन समितिको कार्यादेशबारे सदनलाई जानकारी

काठमाडौँ, १० असार (रासस) ।

गृहमन्त्री रमेश लेखकले भिजिट भिसा प्रकरणबारे गठित उच्च स्तरी छानविन समितिको कार्यादेशबारे सदनलाई जानकारी गराउनुभएको छ । प्रतिनिधिसभाको मंगलबारको बैठकमा समय लिएर बोल्दै उहाँले सो समिति गठन र कार्यादेशका बारेमा जानकारी गराउनुभएको हो ।

उहाँले भन्नुभयो, “अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट हाल भइरहेको अनुसन्धानकार्यमा असर नपर्ने गरी अध्यागमन व्यवस्थापन, भिजीट भिसालगायत अन्य भिसा र सोबाट सृजित समस्याका सम्बन्धमा अध्ययन एवं छानबिन गरी देहायका क्षेत्रमा केन्द्रीत रही सुझावसहितको प्रतिवेदन पेश गर्ने समितिको कार्यक्षेत्र रहेको छ ।”

अध्यागमन व्यवस्थापन, भिजिट भिसालगायत सबै प्रयोजनका लागि विदेश जाने आउने व्यक्तिको यात्रालाई सहजीकरण सम्बन्धमा अध्ययन, विश्लेषण एवं तथ्यगत छानबीन गरी देखिने सशया समाधान गर्न नीतिगत, कानुनी एवं संरचनागत सुधारको तत्कालीन र दीर्घकालीन कार्ययोजना प्रस्ताव गर्ने गृहमन्त्री लेखकले बताउनुभयो । उहाँले अध्यागमन व्यवस्थापन, भिजिट भिसालगायत सबै प्रयोजनका लागि विदेश जाने तथा नेपाल भित्रिने व्यक्तिको यात्रालाई सहजीकरण गर्न प्रचलित ऐन, नियमावली, कार्यविधि, मापदण्डलगायत नीतिगत र कानुनी व्यवस्थामा संशोधन वा पुनरावलोकन आवश्यक भए सो को मस्यौदासहितको सुझाव पेश गर्ने पनि बताउनुभयो ।

“अध्यागमन व्यवस्थापनमा विद्यमान संरचनागत व्यवस्था, कर्मचारी व्यवस्थापनमा सुधारका लागि प्रस्तावसहितको सुझाव पेश गर्ने र अध्यागमन व्यवस्थापन र नागरिकको आगमन तथा प्रस्थानमा समस्या सृजना हुन नदिन सम्बद्ध निकायबीचको समन्वय र सहकार्यमा गर्नुपर्ने सुधार एवं व्यवस्था बारेमा सुझाव पेश गर्नेछ”, कार्यादेशमा उल्लेख छ । अध्यागमन व्यवस्थापन र नागरिकको यात्रा सहजीकरण सम्बन्धमा अन्तरराष्ट्रिय असल अभ्यासको अध्ययन गरी नेपालको परिवेश अनुरुप कार्यान्वयन गर्न सकिने सुझाव पेश गरिने छ ।

“भिजिट भिसा, श्रम भिसालगायतका अन्य भिसा प्रयोग गरी यात्रा गर्ने व्यक्तिले बेहोर्नुपरेको समस्या तथा विदेशमा अवैधरूपमा बस्दा उत्पन्न हुने समस्याका सम्बन्धमा आवश्यक अध्ययन गरी सोको रोकथाम गर्न अपनाउनुपर्ने उपायका सम्बन्धमा सुझाव पेश गरिने छ”, कार्यादेशमा भनिएको छ । समितिले अध्यागमन प्रणालीलाई प्रविधिमैत्री, सरल, सहज र छिटो छरितो बनाइ सेवा प्रवाह प्रभावकारी बनाउन आवश्यक सुझाव दिने र विदेश प्रस्थान तथा आगमन गर्ने विषयसँग सम्बन्धित सरोकारवाला निकाय वा संस्थाको भूमिका व्यवस्थित गर्न आवश्यक सुझाव पेश गर्ने कार्यादेशमा भनिएको छ ।

समितिले अध्यागमनको आगमन र प्रस्थानको अभिलेखलाई सुरक्षित, दुरुस्त राख्न अपनाउनुपर्ने उपायका बारेमा सुझाव दिने र आफ्नो कार्यविधि आफैँ निर्धारण गर्ने, समितिले आवश्यकताअनुसार सरकारी, गैरसरकारी संस्थाका पदाधिकारीलाई आमन्त्रण गरी सुझाव लिन सक्ने छ । समितिले तीन महिनाभित्र नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्नुपर्ने छ ।

पूर्वमुख्य सचिव शङ्करदास वैरागिको अध्यक्षतामा उच्चस्तरीय अध्ययन तथा छानविन समिति गठन गरेको छ । गृहमन्त्री लेखकले समितिका सदस्यमा ६ मन्त्रालयका सहसचिव रहनुभएको जानकारी दिनुभयो । समितिको सदस्यमा सहसचिव तीर्थराज चिलवाल (अर्थ), अरुणा जोशी (कानुन, न्याय तथा संसदीय मामिला), रामकृष्ण लामिछाने (संस्कृति, पर्यटन तथा नागरिक उड्डयन), मणिरत्न कोइराला (परराष्ट्र) प्रदीप कोइराला (श्रम, रोजागार तथा सामाजिक सुरक्षा) र गृह मन्त्रालयका सहसचिव आनन्द काफ्ले रहनुभएको छ ।

### सप्तरी महिला ...

आयुष श्रेष्ठले जानकारी दिएका छन् ।

प्रतियोगितामा राजबिराज रोयल्स, खडक क्वीन र सुरूङ्गा सरभाइभल्स टिमको सहभागिता रहनेछ । प्रत्येक टिमका सप्तरीका ९ जना खेलाडी हुनेछ । तीन जना मधेशका तथा देशका अन्य ठाउँका २ जना खेलाडीको सहभागिता रहने श्रेष्ठले बताए ।

राजविराज रोयल्सको कप्तानमा साक्षी यादव, खडक क्वीनको कप्तानमा अलिशा यादव र सुरूङ्गा सरभाइभल्सका तर्फबाट साना प्रविन कप्तान छिन् ।

प्रत्येक टिमले एकअर्कासँग एक/एक वटा खेल खेल्नेछ । शिर्ष रहने दुई टोलीबीच १४ असारमा फाइनल खेल हुने श्रेष्ठले बताए ।

प्रतियोगिताको प्रत्यक्ष प्रशारण मधेश प्रदेश क्रिकेट संघको युटयुब पेजबाट हुने र क्रिकक्लवबाट अनलाइन स्कोरिंग हेर्न सकिने उनले बताए ।

# बजेट सक्दो सन्तुलित छ : प्रधानमन्त्री

काठमाडौं, १० असार (रासस)।

प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारले ल्याएको बजेट सकेसम्म सन्तुलित रूपमा ल्याइएको अवगत गराउँदै आगामी दिनमा माग र आपूर्तिबीचको सन्तुलत कायमका लागि थप प्रयास गरिने बताउनुभएको छ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा विनियोजन विधेयक तथा खर्च कटौतीको प्रस्तावको सम्बन्धमा राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका विभिन्न निकायसँग सम्बन्धित छलफलमा उठेका प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री ओलीले राज्यको पर्याप्त क्षमता नहुँदा बजेटमाथि सबै सांसदहरू सन्तुष्ट हुने स्थिति नआएकाले आगामी दिनमा सन्तुलन कायमको प्रयास गरिने बताउनुभएको छ।

"हामीलाई छिटो र धेरै ठाउँमा विकास चाहिएको छ तर बजेट कम छ। त्यसकारण बजेटमा सबै सांसद सन्तुष्ट हुन नसक्ने स्थिति हुन सक्छ। माग र आपूर्तिको असन्तुलन मिलाउन आगामी दिनमा ध्यान दिइनेछ," प्रधानमन्त्री ओलीले भन्नुभयो, "हामीलाई लगानीको आवश्यकता छ, यसका लागि निजी क्षेत्र र वैदेशिक लगानी ल्याउनु परेको छ। लगानीको आवश्यकता, विश्लेषण र योजनाका लागि लगानी बोर्डबाट प्रभावकारी काम गरिनेछ।"

प्रधानमन्त्री ओलीले संसद् जनताको बलिदान, सङ्घर्ष र सपनालाई साकार पार्ने थलो भएकाले सदनमा लोकतन्त्र र राष्ट्रियतालाई कमजोर बनाउने खालका हल्काफुल्का टिप्पणी नगर्न आग्रह गर्नुभयो। उहाँले विद्यमान व्यवस्थालाई अझ प्रभावकारी बनाउने गरी संविधानको संशोधनमा सरकार लाग्ने भएकाले संविधान र प्रणालीको अपमान हुने खालका कुरा नगर्न आग्रह गर्नुभयो।

"यो प्रणाली र संविधानको रक्षा गरौं। यसको कार्यान्वयन गर्दै मुलुकलाई समृद्ध, नेपाल सुखी नेपालीको गन्तव्य पूरा गर्ने सवालमा सरकार अघि बढेको छ। यसमा सबै ढुक्क भए हुन्छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "म ममाथि गरिएको गाली र अपमान सहन्छु तर सहिद, जनताको बदिदान र विद्यमान व्यवस्थाप्रतिको अपमान सहन्न। संसद् जनताको बलिदानको धज्जी उडाउने र प्रणालीको अपमान गर्ने थलो हुन सक्दैन।"

प्रधानमन्त्री ओलीले राष्ट्रिय योजना आयोगका योजना बैङ्कको व्यवस्था गरी रु तीन करोडभन्दा कमका आयोजना नराखिएको नीति तर्जुमा गरिएको जनाउँदै आगामी वर्षमा यसको प्रभावकारी कार्यान्वयनका लागि जोड दिइने बतनउनुभयो।

राज्यका सबै निकायलाई विकास निर्माण र सुशासनका लागि प्रभावकारी रूपमा काम गरेर जनअपेक्षाअनुरुप सम्मुनतिको मार्गमा अघि बढाउन सरकार प्रयासरत रहेको स्पष्ट गर्दै सरकारलाई कसैका विरुद्ध कुनै खेल खेल्ने फुर्सद नभएकाले खेल खेल्यो भन्ने खालका प्रचार नगर्न आग्रह गर्नुभयो।

# महोत्तरीमा स्थानीय तहको बेरुजु झण्डै नौ अर्ब नजिक

महोत्तरी, १० असार (रासस)।

यहाँका स्थानीय तहको बेरुजु रु नौ अर्ब नजिक पुगेको छ। जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिकासहित जम्मा १५ स्थानीय तहको बेरुजु आर्थिक वर्ष २०८०/८१ सम्म रु आठ अर्ब ७३ करोड ६५ लाख ९२ हजार नाघेको छ। यसमध्ये पछिल्लो आव २०८०/८१ को मात्र रु ६४ करोड ६० लाखमाथि रहेको महालेखा परीक्षकको कार्यालय काठमाडौंले वार्षिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याएको छ।

जिल्लाका स्थानीय तहमध्ये बलवा नगरपालिकाको बेरुजु सबैभन्दा बढी रु ९३ करोड ६९ लाख ४० हजारमाथि छ। आव २०८०/८१ को मात्र पनि बलवाको बेरुजु रु सात करोड २० लाख ४५ हजारमाथि छ। त्यसैगरी पिपरा गाउँपालिकाको बेरुजु रु ९३ करोड ४८ लाख ९७ हजार नाघेको छ। पिपराको आव २०८०/८१ को बेरुजु रु एक करोड ८४ लाख ८० हजारमाथि छ।

जलेश्वर नगरपालिकाको रु ८२ करोड ९३ लाख, मनराशिशवा नगरपालिकाको रु ७० करोड ५१ लाख ४१ हजार, गौशाला नगरपालिकाको रु ७० करोड ५१ लाख ४१ हजार, सम्सी गाउँपालिकाको रु ५२ करोड ८३ लाख ७४ हजार, लोहारपट्टी नगरपालिकाको रु ५२ करोड ३१ लाख ५५ हजार, बर्दिबास नगरपालिकाको रु ५१ करोड २३ लाख ६४ हजार र मटिहानी नगरपालिकाको रु ५० करोड ४५ लाख ९१ हजारमाथि बेरुजु पुगेको छ। यसरी ५० करोडमाथि बेरुजु पुगेका जिल्लाका स्थानीय तहको सङ्ख्या नै नौ पुगेको प्रतिवेदनमा उल्लेख छ।

त्यसैगरी सोनमा गाउँपालिकाको रु ४८ करोड नौ लाख, एकडारा गाउँपालिकाको रु ४७ करोड ९६ लाख ९१ हजार, रामगोपालपुर नगरपालिकाको रु ४७ करोड २० लाख ५२ हजार, महोत्तरी गाउँपालिकाको रु ४२ करोड २७ लाख ८२ हजार, भङ्गाहा नगरपालिकाको रु ४१ करोड ६९ लाख २६ हजार र औरही नगरपालिकाको सबैभन्दा कम रु २८ करोड ४३ लाख १७ हजार बेरुजु प्रतिवेदनले देखाएको छ। यी १५ वटै स्थानीय तहको आव २०८०/८१ को मात्र पनि बेरुजु रु ६४ करोड ६० लाख आठ हजारमाथि छ।

आव २०८०/८१ को मात्र बेरुजु केलाउँदा लोहारपट्टीको सबैभन्दा बढी रु नौ करोड ८५ लाख ४४ हजार प्रतिवेदनमा उल्लेख छ। गत आवमा गौशालाको रु आठ करोड ८४ लाख ५९ हजार, जलेश्वरको रु आठ करोड एक लाख, रामगोपालपुरको रु चार करोड ६१ लाख १९ हजार र एकडाराको रु चार करोड पाँच लाख २३ हजार बेरुजु छ।

यस्तै सोनमाको रु तीन करोड ७६ लाख २६ हजार, भङ्गाहाको रु तीन करोड २८ लाख ८१ हजार, मनराशिशवाको रु दुई करोड ९३ लाख १३ हजार, बर्दिबासको रु दुई करोड ८७ लाख १८ हजार, सम्सीको रु दुई करोड ६६ लाख ८६ हजार र औरहीको रु दुई करोड १३ लाख ४४ हजार गत आवको मात्र बेरुजु छ।

त्यसैगरी पिपराको रु एक करोड ८४ लाख ८० हजार, मटिहानीको रु एक करोड ५३ लाख ३५ हजार र महोत्तरी गाउँपालिकाको सबैभन्दा कम रु ९८ लाख ३२ हजारमाथि गत आवको मात्र बेरुजु छ। महालेखा परीक्षकको कार्यालयले कुल रु १८ अर्ब ४८ करोड १५ लाख ६७ हजारको लेखापरीक्षण गर्दा १५ स्थानीय तहको आव २०८०/८१ को बेरुजु रु ६४ करोड ६० लाख आठ हजार देखिएको हो।

बेरुजु देखिएका रकम सबै आर्थिक अनियमितता नै हुने नभई कतिपय शीर्षकका आवश्यक कागजात अपुग भएर र नियमित नगरेर पनि देखिएको हुनसक्ने प्रतिवेदनमै उल्लेख छ। यसपालि आव २०८१/८२ सकिनै लाग्दा विगतका बेरुजु घटाउन स्थानीय तहले के-कस्ता पहलकदमी लिए, त्यो भने अब आउने आर्थिक वर्षमा गरिने लेखापरीक्षणबाट स्पष्ट हुने लेखा प्रणालीका जानकार नेपाल सरकारका अवकाशप्राप्त उपसचिव बर्दिबास-३ का बासिन्दा रामकुमार कार्की बताउनुहुन्छ।

# मनमोहन प्राविधिक विश्वविद्यालयले आयुर्वेदिक औषधि उत्पादन गर्ने

मोरङ, १० असार (रासस)।

यहाँको बूढीगङ्गा गाउँपालिकास्थित मनमोहन प्राविधिक विश्वविद्यालयले आयुर्वेदिक औषधि उत्पादनको तयारी सुरु गरेको छ। विश्वविद्यालयले मधुमेहसम्बन्धी उपचारमा प्रयोग हुने औषधिको अनुसन्धान गरी उत्पादन सुरु गर्ने तयारी गरेको हो।

विश्वविद्यालयका उपकुलपति डा सुवासश्री पोखरेलले सोमबार 'उपकुलपतिसँग पत्रकार' कार्यक्रम सञ्चालन गर्दै नेपाली जडीबुटीको प्रयोग गरी मधुमेह रोगको उपचार विधि र पद्दतिलाई महत्त्व दिँदै उत्पादनसम्बन्धी अनुसन्धान भइरहेको जानकारी दिनुभयो। उहाँले चालु शैक्षिकसत्रमा विश्वविद्यालयले १० वटा विभिन्न विषयमा अनुसन्धान गरिरहेको बताउनुभयो।

उपकुलपति पोखरेलका अनुसार दश वटा अनुसन्धानमध्ये मधुमेह रोगको उपचार गर्ने र ब्याक्टेरियोफेजसम्बन्धी अनुसन्धानलाई विशेष महत्त्वका साथ अगाडि बढाइएको छ। आफ्नै प्रयोगशालामा अनुसन्धान गरी विभिन्न आयुर्वेदिक औषधिसम्बन्धी उत्पादनको तयारी भइरहेको उहाँको भनाइ छ।

उहाँले तह १ देखि तह ५ सम्मको 'स्किल टेष्ट' पास गरिसकेका विद्यार्थीलाई तह ६ देखि तह ८ सम्मको अध्ययन गराउने योजनाअनुसार विश्वविद्यालय अघि बढेको धारणा व्यक्त गर्नुभयो। उपकुलपति पोखरेलले विश्वविद्यालयमा स्नातक र स्नातकोत्तरअन्तर्गतका विभिन्न कार्यक्रममा ३२२ विद्यार्थी अध्ययनरत रहेका जानकारी दिनुभयो।

कोसी प्रदेश सरकारले विसं २०७६ मा स्थापना गरेको विश्वविद्यालय मुलुकभित्रको पहिलो प्राविधिक विश्वविद्यालय हो। उपकुलपति पोखरेलले मुलुकको पहिलो प्राविधिक विश्वविद्यालय भए पनि प्रदेश सरकारबाट अपेक्षित रूपमा बजेट विनियोजन नभएको गुनासो व्यक्त गर्नुभयो।

विश्वविद्यालयले प्रदेश सरकारसँग आगामी आर्थिक वर्षका लागि रु ३७ करोड बजेट माग गरेकामा रु १४ करोड मात्र विनियोजन भएको उपकुलपति पोखरेलले उल्लेख गर्नुभयो। उहाँले कूल बजेटको शून्य दशमलव पाँच प्रतिशत मात्रै विनियोजन हुनु दुःखद् भएको बताउनुभयो।

## विश्व समाचार

# इरान-इजरायल युद्ध : पछिल्लो घटनाक्रम

जेरुसेलम, १० असार (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा घोषणा गरिएको युद्धविरामको अन्तिम क्षणहरूमा मिसाइलहरूमार्फत इरान र इजरायलले मङ्गलबार एकअर्काविरुद्ध आक्रमण गरेका छन्।

मध्यपूर्वी शत्रुहरू बीचको १२ दिने युद्ध 'आधिकारिक अन्त्य' हुने अपेक्षा गरिएकोभन्दा बेला पछिल्ला केही घटनाक्रमहरू :

**युद्धविराम**

ट्रम्पले सामाजिक सञ्जालमा अप्रत्याशित रूपमा राति पोस्टमा उल्लेख गरेअनुसार युद्धविराम सम्झौताले कट्टर शत्रुहरूलाई चरणबद्ध रूपमा गोलीबारी बन्द गर्नेछ।

ट्रम्पका अनुसार इरानले मङ्गलबार ०४०० जिएमटी देखि सुरु हुने सबै अपरेसनहरू एकतर्फी रूपमा रोक्नेछ र इजरायलले १२ घण्टापछि यसको पालना गर्नेछ।

"इजरायल र इरानबीच पूर्ण र सम्पूर्ण युद्धविराम हुने कुरामा पूर्ण सहमति भएको छ", ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा लेख्नुभयो।

उहाँले 'आधिकारिक अन्त्य' इजरायल र इरानले 'आफ्ना चलिरहेका अन्तिम मिसनहरू समाप्त र पूरा गरेपछि' आउने बताउनुभयो।

**कुनै सम्झौता छैन**

ट्रम्पको घोषणापछि इरानका विदेशमन्त्री अब्बास अराघचीले पोस्ट गर्नुभयो, "अहिलेसम्म युद्धविराम वा सैन्य अपरेसन बन्दको कुनै 'सम्झौता' छैन।"

यद्यपि उहाँले यदि इजरायलले 'आफ्नो अवैध आक्रमण' रोक्यो भने तेहरानको 'त्यसपछि हाम्रो प्रतिक्रिया जारी राख्ने कुनै इरादा हुनेछैन' भन्नुभयो।

जुन १३ मा इजरायलले आणविक र सैन्य स्थलहरूलाई लक्षित गरी इरानविरुद्ध आश्चर्यजनक 'पूर्वनियोजित' आक्रमणहरू गरेपछि सुरु भएको द्वन्द्वको अन्त्यमा इजरायलबाट तत्काल कुनै पुष्टि आएको छैन।

**नयाँ हमलाहरू**

इरानको राज्य मिडियाले मङ्गलबार युद्धविराम हुने अपेक्षा गरिएको बेला इजरायलतर्फ मिसाइलको पाँचौं लहर अघि बढेको बताएको छ।

इजरायली सेनाले इरानबाट आएको मिसाइलको पछिल्लो राउन्डलाई रोक्ने काम गरिरहेको बताएपछि उत्तरी इजरायलमा हवाई आक्रमणको साइरन बजेको थियो।

दक्षिणी बिरसेबामा इरानी क्षेप्यास्त्र आक्रमणमा चार जनाको मृत्यु भएको र दुई जना सामान्य घाइते भएको इजरायली आपत्कालीन सेवाले जनाएको छ।

इजरायलमा इरानको आक्रमणबाट भएको क्षतिको पूर्ण सीमा सैन्य सेन्सरसिप नियमका कारण थाहा छैन। तर आधिकारिक तथ्याङ्कअनुसार देशभर कम्तीमा ५० प्रहार स्वीकार गरिएको छ र २४ जनाको मृत्यु भएको छ।

इरानमा इजरायली हमलामा चार सयभन्दा बढीको मृत्यु भएको इरानको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

**इरानद्वारा अमेरिकी हवाई अड्डामा हमला**

ट्रम्पको युद्धविराम घोषणाभन्दा केही घण्टाअघि इरानले तेहरानका आणविक सुविधाहरूमा अमेरिकी हमलाको बदलामा कतारमा रहेको अमेरिकी बेसमा मिसाइल प्रहार गरेको थियो।

कतारले अल उदेद हवाई अड्डामा भएको आक्रमणलाई सफलतापूर्वक रोकेको बताएको छ। कतारले उक्त आक्रमणलाई सार्वभौमसत्ताको 'स्पष्ट उल्लङ्घन' भनेको छ र प्रतिक्रिया दिने अधिकार सुरक्षित रहेको बताएको छ।

सप्ताहन्तमा संयुक्त राज्य अमेरिका बम विस्फोट अभियानमा सामेल भएपछि भएको यो आक्रमणलाई ट्रम्पले 'धेरै कमजोर' भन्दै अस्वीकार गर्नुभयो।

उहाँका अनुसार इरानले आक्रमणको 'पूर्व सूचना' दिएको थियो। उहाँले इरानलाई यस कदमका लागि धन्यवाद दिँदै हमलाबाट 'कसैले ज्यान नगुमाएको र कोही घाइते नभएको' बताउनुभयो।

**फैलावट**

संयुक्त राष्ट्रसङ्घका प्रमुख एन्टोनियो गुटेरेसले अल उदेद हवाई अड्डामा इरानले गरेको आक्रमणको निन्दा गर्दै लडाइँ रोक्न आह्वान गर्नुभएको छ।

इरानको तटमा रहेको खाडी समुद्री व्यापार मार्गको विश्वव्यापी महत्त्वलाई ध्यानमा राख्दै चीनले सोमबार 'युद्धको फैलावट' विरुद्ध चेतावनी दिँदै अन्तर्राष्ट्रिय समुदायलाई लडाइँले विश्व अर्थतन्त्रलाई असर गर्नबाट रोक्न अझ बढी गर्न आग्रह गरेको छ।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले इरानलाई स्ट्रेट अफ होर्मुज बन्द गर्नबाट रोक्न सहयोग गर्न चीनलाई आह्वान गर्नुभएको थियो।

व्यापारीहरूले इरानद्वारा सम्भावित प्रतिशोधको परिमाण मापन गरेपछि सोमबार तेलको मूल्य केही समयका लागि घटेको थियो।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले तेहरानका विदेशमन्त्री अब्बास अराघचीसँगको मस्को बैठकमा इरानमाथि भएको आक्रमणलाई 'अकारण' र 'अनुचित' भन्दै निन्दा गर्नुभएको छ।

# खुला दिसामुक्त जिल्लाको सदरमुकाममै छैन सार्वजनिक शौचालय

सिरहा, १० असार (रासस) ।

जिल्लाको प्रमुख प्रशासनिक केन्द्र सिरहा सदरमुकाममा सार्वजनिक शौचालय नहुँदा सर्वसाधारण समस्यामा पर्ने गरेका छन् । खुला दिसामुक्त जिल्ला घोषणा भइसकेको वर्षौं बितिसक्दासमेत सिरहामा एउटा पनि सार्वजनिक शौचालय छैन ।

जिल्ला प्रशासन कार्यालय, भूमिसुधार तथा मालपोत कार्यालय, जिल्ला अदालत, जिल्ला प्रहरी कार्यालय, नापी कार्यालयजस्ता मुख्य सरकारी अड्डा रहेको सदरमुकाममा विभिन्न गाउँघरबाट सेवाग्राही आउँछन् । काम सकेर फर्किन खोज्दा शौचालय नहुँदा उनीहरू अप्ठेरोमा पर्ने गरेका छन् । महिलालाई अझ बढी समस्या पर्ने गरेको छ ।

सिरहा नगरपालिकाले शौचालय निर्माण र व्यवस्थापनमा बेवास्ता गर्दा सेवाग्राहीमात्र नभई नगरको छवि पनि धमिलिएको स्थानीय बासिन्दा बताउँछन् । नगरमा भौतिक पूर्वाधार निर्माणमा करोडौं खर्च गरिँदा पनि आधारभूत पूर्वाधारका रूपमा रहेका सार्वजनिक शौचालय निर्माणमा नगरपालिकाले चासो नदिएकोप्रति सर्वसाधारण आक्रोशित छन् ।

सिरहा नगरपालिका-२ का वडासदस्य शम्भु साह भन्नुहुन्छ, “वडाबाट निर्वाचित जनप्रतिनिधि भएपछि मैले पटकपटक शौचालयको माग गरेँ । तर नगर प्रमुखसहितका पदाधिकारीले कुनै वास्ता गरेनन् । उहाँका अनुसार २०७४ सालमा स्थानीय सरकार गठन भएपछि पहल गरिएको भए पनि शौचालय अझै निर्माण हुनसकेको छैन ।

स्थानीय व्यवसायीका अनुसार सडकयात्री र ग्राहकले शौचालय अभावमा दैनिक अप्ठेरो भोग्नुपरेको छ । स्थानीय युवानेता भोगेन्द्र साहले नगरको स्वच्छता, सुन्दरता र मानव मर्यादाका लागि सार्वजनिक शौचालय अनिवार्य रहेको बताउँदै नगरपालिकालाई तत्काल निर्माण र व्यवस्थापनको माग गर्नुभयो ।

सिरहा -२२ का वडाध्यक्ष जिवछनारायण यादव भन्नुहुन्छ, “सदरमुकाममा सार्वजनिक शौचालय नहुनु नगरपालिकाका लागि लाजमर्दो अवस्था हो । अबको नगरसभा बैठकमा बजेट विनियोजन गरेर शौचालय निर्माणका लागि सशक्त कुरा राखिने छ ।”

सिरहा सदरमुकाममा सार्वजनिक शौचालय नहुनु सुशासन, समावेशी विकास र जनसरोकारका सवालमा स्थानीय तहको असफलता प्रष्ट पार्ने उदाहरण बनेको छ । सिरहा नगरपालिकाका प्रमुख डा नवीनकुमार यादवले शौचालय निर्माण प्राथमिकतामा रहेको भन्दै चाँडै काम सुरु गरिने जानकारी दिनुभयो । उहाँले सहरी विकास र स्वच्छता अभियानअन्तर्गत विभिन्न स्थानमा सार्वजनिक शौचालय बनाउने दीर्घकालीन योजना रहेको जानकारी दिँदै स्थानीय नागरिक, जनप्रतिनिधि तथा सरोकारवाला निकायसँग समन्वय गरेर शौचालयको दिगो व्यवस्थापन गरिने बताउनुभयो ।

# रोपाइँका लागि कमला नहरमा पानी प्रवाह

सिरहा, १० असार (रासस) ।

धान रोपाइँलाई मध्यनजर गर्दै धनुषा र सिरहामा पर्ने कमला सिँचाइ प्रणालीअन्तर्गतका नहरमा सोमबारदेखि विधिवत् रूपमा पानी प्रवाह सुरु गरिएको छ ।

गत चैतदेखि कमला नदीमा जलप्रवाह कम भएपछि बन्द गरिएका नहर पुनः सञ्चालनमा आएका हुन् । रोपाइँको मुख्य समयमा किसानलाई सहज सिँचाइ सुविधा उपलब्ध गराउन समयमै नहर सञ्चालनमा ल्याइएको कमला सिँचाइ व्यवस्थापन कार्यालय पोर्ताहा, धनुषाका कार्यालय प्रमुख वीरेन्द्र यादवले बताउनुभयो । “धान रोपाइँको मुख्य समयलाई ध्यानमा राख्दै नहर प्रणाली पुनः सञ्चालनमा ल्याइएको हो, गत चैत यता कमला नदीमा जलप्रवाह कम भएकाले अस्थायी रूपमा नहर बन्द गरिएको थियो, अहिले नदीमा आवश्यक मात्रामा पानी उपलब्ध भएपछि विधिवत् रूपमा पानी प्रवाह सुरु गरिएको छ”, उहाँले भन्नुभयो, “नहरमा पर्याप्त पानी प्रवाहसँगै किसानले समयमै सिँचाइ पाउनेछन् भन्ने अपेक्षा गरेका छौं ।”

सिँचाइ व्यवस्थापन कार्यालय प्रमुख यादवका अनुसार पहिलेका वर्षमा साउन १ गतेदेखि मात्रै नहर सञ्चालन गरिने परिपाटीलाई तोडेर विगत तीन वर्षदेखि असार पहिलो हप्ताबाटै नहरमा पानी प्रवाह गर्न थालिएको हो । असारबाट सञ्चालन हुने नहर कात्तिकसम्म चालु रहन्छ । त्यसपछि छठ पर्व विशेष सञ्चालन गरिने प्रमुख यादवले जानकारी दिनुभयो ।

**पच्चिस हजार हेक्टरमा सिँचाइ सुविधा**

कमला सिँचाइ प्रणाली मधेश प्रदेशकै प्रमुख सिँचाइ योजनामध्ये एक हो । त्यसले धनुषा र सिरहामा गरी २५ हजार हेक्टर कृषियोग्य जमिनमा सिँचाइ सुविधा पुर्‍याइरहेको छ । यो आयोजना मार्फत करिब ४० हजार घरपरिवार लाभान्वित भएका छन् ।

धनुषाको पश्चिमी नहर प्रणालीमार्फत करिब १२ हजार ५०० हेक्टरमा सिँचाइ सुविधा पुगेको छ । यसमा गणेशमान चारनाथ, सबैला, सहिद, विदेह, कमला, हँसपुर नगरपालिका र औरही तथा जनकनन्दनी गाउँपालिका रहेका छन् ।

त्यस्तै, सिरहामा १२ हजार ५०० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ । सिरहाका कर्जन्हा, मिर्चैया, कल्याणपुर, सिरहा र सुखीपुर नगरपालिका तथा विष्णुपुर र औरही गाउँपालिका यसमा समावेश छन् ।

**किसानलाई ठूलो राहत**

हाल मनसुनी वर्षा असमान रहँदा किसान सिँचाइ प्रणालीमा झन् बढी निर्भर भइरहेका छन् । यस्तो अवस्थामा समयमै सुरु गरिएको नहर सञ्चालनले यहाँका किसानलाई बाली लगाउने काममा सहजता ल्याएको छ । किसानहरू समयमै सिँचाइ पाउने भएपछि उत्साहित छन् । साथै उनीहरूको कमला सिँचाइको नियमित सेवा सुनिश्चित गरिनुपर्ने माग पनि बढ्दो छ ।

# ‘भिजिट भिसा’ प्रकरण सम्बन्धमा छानबिन गर्न समिति गठन, प्रतिपक्षी दुई दलको असहमति

काठमाडौं, १० असार (रासस) ।

सरकारले अध्यागमन र ‘भिजिट भिसा’ प्रकरण सम्बन्धमा पूर्वमुख्य सचिव शङ्करदास वैरागीको अध्यक्षतामा उच्चस्तरीय अध्ययन तथा छानबिन समिति गठन गरेको छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकको सुरुमै सभामुखसँग समय माग गरी सांसदहरूले समसामयिक विषयमा राख्नुभएको जिज्ञासाको जवाफ दिँदै गृहमन्त्री रमेश लेखकले उक्त समितिका सदस्यमा ६ मन्त्रालयका सहसचिव रहनुभएको जानकारी दिनुभयो ।

समितिको सदस्यमा सहसचिवहरू तीर्थराज चिलवाल (अर्थ), अरुणा जोशी (कानुन, न्याय तथा संसदीय मामिला), रामकृष्ण लामिछाने (संस्कृति, पर्यटन तथा नागरिक उड्डयन), मणिरत्न कोइराला (परराष्ट्र) प्रदीप कोइराला (श्रम, रोजगार तथा सामाजिक सुरक्षा) र गृह मन्त्रालयका सहसचिव आनन्द काफ्ले रहनुभएको छ ।

व्यवस्थापन र भिजिट भिसा सम्बन्धमा विगतदेखि देखिएका समस्या समाधान गर्न नीतिगत, कानुन र संरचनात्मक सुधारका लागि ठोस पहल गर्ने प्रतिबद्धता गरेबमोजिम समिति गठन गरिएको मन्त्री लेखकले जानकारी दिनुभयो । यो विषयमा प्रतिपक्ष र सत्तापक्षबीच सहमति भएको थियो ।

**प्रतिपक्षी दुई दलको असहमति**

सरकारले गठन गरेको उच्चस्तरीय अध्ययन तथा छानबिन समितिमा प्रतिपक्षी दुई दलले असहमति जनाएका छन् । गृहमन्त्री लेखकपछि धारणा राख्ने क्रममा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद् डा स्वर्णिम वाग्लेले पूर्वमुख्य सचिव शङ्करदास वैरागीको अध्यक्षतामा गठित उक्त समितिलाई आफूहरूले अस्वीकार गर्ने बताउनुभयो ।

उहाँले भिजिट भिसा प्रकरणमा छानबिन गर्न बहालवाला वा पूर्वन्यायाधीशको नेतृत्वमा संसदीय छानबिन समिति गठन आवश्यक भएको बताउनुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद ज्ञानबहादुर शाहीले भिजिट भिसा प्रकरणका सन्दर्भमा विगत १८ वर्षमा नियुक्त भएका १४ जना गृहमन्त्री उपर छानबिनको माग गर्नुभयो । “अहिले गठित समितिमा हाम्रो असहमति छ, यो समितिले न्याय दिन सक्दैन, यो राजनीतिक र सत्तास्वार्थभन्दा माथि हो, यस प्रकरणमा जो सुकै दोषी भए पनि कारबाही गर्नुपर्छ”, उहाँले भन्नुभयो । बैठकमा आफ्ना धारणा राखेपछि दुई दलले बैठक बहिस्कार गरेका छन् ।

### *एसपी खतिवडाको ...*

अधिकृत व्यारेक, प्रहरी हवलदार व्यारेक र प्रहरी जवान व्यारेकमा १० थान एसी जडान गरि संचालन ल्याएको, कार्यालय परिसर भित्र सेवाग्राहीहरुका लागि शौचालय निर्माण कार्य अन्तिम चरणमा रहेको, निवेदन र उजुरी तथा सेवाग्राहीको सहजताको लागि स्थानीय सरकारसंग समन्वय गरि छलफलका लागि २ कोठे भवन निर्माण कार्य भइरहेको, सप्तरी उधोग वाणिज्य संघको सहकार्यमा प्रहरीलाई शुद्ध खानेपानी खुवाउनका लागि ४ थान वाटर केन्ट संचालनमा ल्याएको जिल्ला प्रहरी कार्यालय सप्तरीद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

सप्तरी प्रहरी प्रमुखको जिम्मेवारी पाएसंगै सप्तरीकै लागूऔषध गाँजा तस्करीमा संलग्न मण्डललाई पक्राउ गरेपछि एसपी खतिवडा विवादमा तानिएका थिए । हाल उनको बागमती प्रदेश प्रहरी कार्यालयमा काज सरुवा भएको छ भने सप्तरी प्रहरी प्रमुखको जिम्मा एसपी गौतम केसीले पाएका छन् ।

### *विमानस्थलमा अलपत्र ...*

गरिसकेकाले अब नियमित रुपमै उडान हुने विश्वास व्यक्त गर्नुभयो । निगमका प्रवक्ता सुवास डाँगीका अनुसार निगमको सोमबार दोहा उडानमा २६९ यात्रु थिए । उनीहरूलाई मंगलबार गन्तव्यतर्फ पठाउन विमानस्थलको सम्पूर्ण प्रक्रिया पूरा भइसकेको छ । कतारको परिस्थितिका कारण खाडी मुलुकका नियमित उडानमा केही बिलम्ब हुने बताइएको छ ।

सोमबार राति विमानमा यात्रुलाई बोर्ड गराउने तयारी भइरहेका बेला आक्रमणको सूचना आएपछि उडान रद्द गरिएको थियो । वैदेशिक रोजगारीका लागि जान लागेका अधिकांश यात्रुहरू अलमलमा परेका थिए । नेपालका तीनसहित ३० वायुसेवा प्रदायक कम्पनीले अन्तरराष्ट्रिय उडान भर्दै आएका छन् ।

# खैरो हिरोइनसहित तीन जना पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, १० असार ।**


सिरहा प्रहरीले लागुऔषध खैरो हिरोइनसहित तीन जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा लहान नगरपालिका २ बस्ने मटिअर्वा टोल बस्ने बर्ष २३ को बिवेक यादव, २७ वर्षिय राजकुमार विश्वकर्मा र वडा १ बस्ने बर्ष ३० वर्षको सुरेश कुमार साह सुडी छन् ।

उनीहरुको साथबाट प्रहरीले लागुऔषध जस्तो देखिने पदार्थ प्लाष्टिक सहित नापतौल गर्दा १७.४९ ग्राम हिरोइन बरामद गरेको हो ।

प्रहरीले विवेकको घरमा लागुऔषध कारोबार भइरहेको छ भन्ने गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय सिरहा लागुऔषध नियन्त्रण व्युरो शाखा कार्यालय गोलबजार सिरहा र इलाका प्रहरी कार्यालय लहान सिरहाबाट खटिएको संयुक्त प्रहरी टोलीले खानतलासी गर्दा कालो प्लाष्टिकको सानो पोका भित्र लागुऔषध (खैरो हिरोइन) बरामद गरेको जनाएको छ ।

पक्राउ परेकाहरुलाई इलाका प्रहरी कार्यालय लहानले सिरहा जिल्ला अदालतबाट ५ दिनको म्याद थप गराई अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।



भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## भूमि सुधार तथा मालपोत कार्यालय राजविराज,सप्तरी

च.नं. ०८१।०८२

मिति:- [illegible]

## सुचना ॥ सुचना ॥ सुचना ॥

उपरोक्त विषयमा जिल्ला सप्तरी गा.वि.स.बर्नेनिया वडा नं.६ हाल गजगढ गा.पा. वडा नं २ बस्ने बेचन पासमान नाउमा दर्ता कायम रहेको जि.स.गा.वि.स. झुटकी वडा नं १ को कि.नं ४२० को ०-५-१५.५ जग्गामा मोही जि.स.गा.वि.स.झुटकी वडा.नं.१ हाल गजगढ गा.पा.बस्ने इन्द्र नारायण कर्ण भएकोमा मोही लगत कट्टा को कोही पनि हकदार नभई दाबीको जग्गा जग्गा धनी आफैं जोत भोग गरी आएको हुँदा उक्त किता जग्गामा कायम रहेको मोही लगत कट्टा गरी पाउँ भनी निवेदन दर्ता गराएकोमा भू.स.ऐन २०२१(आठौं संशोधन २०७६) दफा २६(१) बमोजिम निज मोहीको मुलुकि देवानी कार्यविधी संहिता ऐन,२०७४ को दफा २२९ बमोजिम अपुताली पाउने कोही हकदार छ, छैन भनि यो सूचना प्रकाशित गरिएको छ । निज मोही वा निजको दफा २६(१) बमोजिम मोहीको अपुताली पाउने हकवाला हकदार कोही भए यो सूचना टाँस भएको मितीले बाटोको म्याद बाहेक ३५(पैतिस) दिन भित्र आफ्नो सबुद प्रमाण लिई हाजिर हुन आउनु होला । यो म्याद भित्र हाजिर नभै म्याद गुजारी बस्नेमा नियमानुसार मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै म्याद द्वारा जानकारी गराइन्छ, पछि नपाई को उजुर बाजुर लाग्ने छैन । भनी मिती २०८१।१०।२ गतेको आदेश अनुसार यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ज.ध | मोही | गा.वि.स. | वडा नं. | कि.न | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | बेचन पासमान | इन्द्र नारायण कर्ण | झुटकी | १ | ४२० | ०-५-१५.५ | मो.ल.क. |

इति सम्वत २०८२ साल असार महिना १० गते रोज शुभम्......

नायब सुब्बा

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*